# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) धनगढी, नेपाल, पुस २७ गते, २०७७ साल (अतिरिक्ताङ्क ९(झ)

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (दोस्रो संशोधन) आदेश, २०७७

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,



सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (दोस्रो संशोधन) आदेश, २०७७" रहेको छ ।

(२) यो आदेश प्रदेश सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ को दफा ३ मा संशोधनः प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७६ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (२) को खण्ड (ङ) मा रहेको "सदस्य सचिव" भन्ने शब्दहरुको सट्टा "सदस्य" भन्ने शब्द कायम गरी देहायको खण्ड (च) थप गरिएको छ :-

"(च) सचिव, प्रदेश नीति तथा योजना आयोग - सदस्य सचिव"

३. मूल आदेशको दफा ७ मा संशोधनः मूल आदेशको दफा ७ को उपदफा (३) मा रहेको "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश सचिव" भन्ने शब्दहरुको सट्टा "आयोगको सचिव" भन्ने शब्दहरु कायम गरिएका छन्।

४. मूल आदेशको दफा १९ मा संशोधनः मूल आदेशको दफा १९ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) कायम गरिएको छ :-

"(२) आयोगको सचिवले आयोगको सचिवालयको सचिवको रुपमा काम गर्नेछ ।"

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः२०७७।९।२७

आज्ञाले,
किशोर कुमार चौधरी
प्रदेश सरकारका सचिव



मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली ।मुल्यः रु. ५।-